परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २६७ पृष्ठ ४ २०८३ साउन ०१ गते शुक्रबार 16 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।







## सोनमामा २४सै घण्टा सञ्चालन हुने बर्थिङ सेन्टर उद्घाटन




टक नेपाल

**गौशाला** । महोत्तरीको सोनमा गाउँपालिका-७ सुन्दरपुरस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रमा २४सै घण्टा सञ्चालन हुने बर्थिङ सेन्टरको उद्घाटन गरिएको छ। गाउँपालिकाको स्वास्थ्य शाखाले सञ्चालनमा ल्याएको उक्त बर्थिङ सेन्टरबाट अब स्थानीय गर्भवती महिलाले आफ्नै पालिकामा सुरक्षित सुत्केरी सेवा पाउने भएका छन् ।

गाउँपालिका अध्यक्ष विशेश्वर यादवले रिबन काटेर तथा शिलालेख अनावरण गर्दै बर्थिङ सेन्टरको उद्घाटन गरे । कार्यक्रममा उनले स्थानीयवासीको लामो समयदेखिको मागलाई सम्बोधन गर्दै सेवा सञ्चालनमा ल्याइएको बताए। साथै आगामी दिनमा वडा नं. १ र वडा नं. ४ मा पनि यस्तै बर्थिङ सेन्टर स्थापना गरी सेवा विस्तार गरिने जानकारी दिए ।

गाउँपालिकाले बर्थिङ सेन्टर मार्फत २४ सै घण्टा सुरक्षित सुत्केरी सेवा उपलब्ध गराउने जनाएको छ । यससँगै २४ घण्टा एम्बुलेन्स सेवा, सुत्केरी महिलालाई एक हजार रुपैयाँ यातायात खर्च, एक सेट कपडा तथा गर्भावस्थामा आठ पटक स्वास्थ्य परीक्षण गराउने महिलालाई ८ सय रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

गाउँपालिकाका अनुसार अब सुरक्षित सुत्केरी सेवाका लागि स्थानीय महिलाले अन्य पालिकामा जानुपर्ने बाध्यता हट्नेछ। यस सेवाले आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुदृढ गर्नुका साथै मातृ तथा शिशु मृत्युदर न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

वडा नं. ७ का अध्यक्ष इन्द्रजित यादवको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा वडा नं. १ का अध्यक्ष अशोक यादव, वडा नं. ८ का अध्यक्ष सुनिल कुशवाहा, वडा सदस्य तथा कार्यपालिका सदस्य, स्वास्थ्य कार्यालय महोत्तरीकी फोकल पर्सन प्रतिभा सिंह, विभिन्न वडाका सचिव, गौशाला प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. अमरेश सिंह, स्वास्थ्यकर्मी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयवासीको उपस्थिति रहेको थियो ।

## अव्यवस्थित अस्पतालजन्य फोहोरले जनकपुरधाममा बढायो स्वास्थ्य जोखिम

टक नेपाल

**जनकपुरधाम** । जनकपुरधामका विभिन्न सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट निस्कने अस्पतालजन्य फोहोरको उचित व्यवस्थापन हुन नसक्दा स्थानीयवासी स्वास्थ्य जोखिममा परेका छन् ।



संक्रमित सामग्री, प्रयोग भइसकेका सिरिन्ज, रगत लागेका कपडा, औषधीका अवशेषलगायत जोखिमयुक्त फोहोर खुला स्थानमा फाल्ने तथा सामान्य फोहोरसँग मिसाएर व्यवस्थापन गर्ने गरिएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

स्थानीय भुलन साहुले अस्पतालजन्य फोहोरबाट दुर्गन्ध फैलिने र त्यस क्षेत्र भएर आवतजावत गर्ने सर्वसाधारण तथा नजिकै बसोबास गर्ने मानिस बढी प्रभावित हुने गरेको बताउनुभयो। उहाँका अनुसार फोहोरमा रहेका सामग्री चराचुरुङ्गी, कुकुर र गाईवस्तुले घिसारेर बस्ती तथा खेतबारीसम्म पुर्‍याउने गरेका छन्, जसले संक्रमण फैलिने जोखिम बढाएको छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सक डा. दिग्विजयकुमार ठाकुरले अस्पतालजन्य फोहोरको अव्यवस्थित व्यवस्थापनले जनस्वास्थ्यमा गम्भीर असर पार्ने बताउनुभयो। वर्षायाममा यस्ता फोहोर पानीसँगै विभिन्न क्षेत्रमा फैलिने भएकाले संक्रमणको जोखिम थप बढ्ने उहाँको भनाइ छ ।

उहाँका अनुसार अस्पतालजन्य फोहोरका कारण दीर्घकालीन फोक्सोसम्बन्धी समस्या, स्क्रब टाइफसलगायत संक्रामक रोग फैलिन सक्ने जोखिम हुन्छ । "जोखिमयुक्त फोहोर जथाभावी फाल्नु कानुनी र सामाजिक दुवै दृष्टिले गैरजिम्मेवार कार्य हो," उहाँले भन्नुभयो । उहाँले स्रोतबाटै फोहोर वर्गीकरण गरी सुरक्षित सङ्कलन, ढुवानी र वैज्ञानिक व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश संयोजक राजु पासवानले स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको वैज्ञानिक वर्गीकरण, सुरक्षित ढुवानी र अन्तिम व्यवस्थापन कानुनी मापदण्डअनुसार हुन नसकेको बताउनुभयो। यसले सार्वजनिक स्वास्थ्य र वातावरणमा चुनौती थपिएको उहाँको भनाइ छ ।

जनकपुरधाम उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विजयकुमार साहका अनुसार उपमहानगरपालिकाअन्तर्गत २६ वटा तथा प्रदेश सरकारअन्तर्गत ५० भन्दा बढी स्वास्थ्य संस्था सञ्चालनमा छन्। उहाँले वडा नं. १९ मा डम्पिङ साइटमार्फत सामान्य फोहोर व्यवस्थापन गरिए पनि अस्पतालजन्य जोखिमयुक्त फोहोरका लागि छुट्टै वैज्ञानिक व्यवस्थापन प्रणाली आवश्यक रहेको बताउनुभयो ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। यस्तै, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापनसम्बन्धी निर्देशिकाले जोखिमयुक्त फोहोरको वर्गीकरण, सङ्कलन, भण्डारण, ढुवानी र अन्तिम व्यवस्थापनका मापदण्ड तोकेका छन् ।

तर कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको सरोकारवालाको भनाइ छ। स्थानीयवासीले नियमित अनुगमन, कानुनी मापदण्डको कडाइका साथ कार्यान्वयन र अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि तत्काल वैज्ञानिक प्रणाली लागू गर्न माग गरेका छन् । समयमै व्यवस्थापन नगरिए अस्पतालजन्य फोहोरले वातावरणीय प्रदूषणसँगै दीर्घकालीन जनस्वास्थ्य संकट निम्त्याउन सक्ने उनीहरूको चेतावनी छ ।

## सर्वोच्चको आदेशपछि पूर्व सांसद लक्ष्मी महतो कोइरी रिहा



टक नेपाल

**महोत्तरी** । कर्तव्य ज्यान मुद्दामा दोषी ठहर भई कैद सजाय भोगिरहेका पूर्व सांसद लक्ष्मी महतो कोइरी सर्वोच्च अदालतको आदेशपछि थुनामुक्त भएका छन् ।

महोत्तरीको गौशाला नगरपालिका-२ निवासी कोइरीविरुद्धको उक्त मुद्दामा जिल्ला अदालत महोत्तरीले प्रारम्भिक सुनुवाइमा सफाइ दिएको थियो। तर जिल्ला अदालतको फैसलाविरुद्ध नेपाल सरकारले उच्च अदालत जनकपुरमा पुनरावेदन गरेपछि उच्च अदालतले जिल्ला अदालतको फैसला उल्टाउँदै उनलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो ।

उच्च अदालतको फैसला कार्यान्वयनका क्रममा पक्राउ परेका कोइरीलाई कारागार कार्यालय जलेश्वरमा राखिएको थियो ।

यसबीच, सर्वोच्च अदालतले असार ३२, २०८३ मा जारी गरेको आदेश अनुसार उनीलाई अन्य कुनै मुद्दामा थुनामा राख्नुपर्ने कानुनी आधार नरहेको भन्दै तत्काल रिहा गर्न कारागार प्रशासनलाई निर्देशन दिएको थियो ।

सर्वोच्चको आदेश प्राप्त भएपछि महोत्तरी जिल्ला अदालत र कारागार कार्यालय जलेश्वरले आवश्यक कानुनी प्रक्रिया पूरा गरी पूर्व सांसद कोइरीलाई थुनामुक्त गरेको जनाएको छ ।

## मधेसमा सञ्चारसम्बन्धी तीन संस्था एकीकरण गर्ने तयारी

टक नेपाल

जनकपुरधाम । मधेस प्रदेश सरकारले सञ्चार क्षेत्रसँग सम्बन्धित तीनवटा संस्थालाई एकीकृत गर्ने प्रक्रिया अघि बढाएको छ। आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र विकास बोर्डलाई एउटै संरचनाअन्तर्गत सञ्चालन गर्ने गरी आवश्यक कानुनी तयारी अन्तिम चरणमा पुगेको सरकारले जनाएको छ।

गृहमन्त्री फकिरा महतोले तीनवटै संस्थाको छुट्टाछुट्टै संरचनाका कारण प्रशासनिक तथा सेवा-सुविधामा ठूलो रकम खर्च भइरहे पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको बताए। संस्थागत खर्च घटाउँदै कार्यसम्पादनलाई प्रभावकारी बनाउन एकीकरणको अवधारणा अघि सारिएको उनले स्पष्ट पारे।

उनका अनुसार एकीकृत संरचनाका लागि आवश्यक विधेयक तयार भइसकेको छ। सरोकारवालासँगको परामर्श प्रक्रिया सम्पन्न भएपछि उक्त विधेयक प्रदेशसभाको आगामी अधिवेशनमा पेश गरिनेछ।

गृहमन्त्री महतोले मुख्यमन्त्री कृष्णप्रसाद यादव, अर्थमन्त्री युवराज भट्टराई र गृह मन्त्रालयबीच यस विषयमा सहमति भइसकेको जानकारी दिए। सोही सहमतिअनुसार प्रदेश सरकारले विभिन्न निकायको पुनर्संरचना गर्ने योजना अघि बढाएको छ, जसअन्तर्गत पहिलो चरणमा सञ्चार क्षेत्रसँग सम्बन्धित संस्थाहरूलाई एकीकृत गरिनेछ।

मन्त्री महतोका अनुसार तीनवटै संस्थाले समान प्रकृतिका कार्यक्रम सञ्चालन गर्दै आए पनि कार्यक्षमतामा अपेक्षित प्रभाव देखिएको छैन। एउटै संस्थामार्फत सञ्चारसम्बन्धी नीति निर्माण, नियमन तथा प्रवर्द्धनका काम सञ्चालन गर्दा स्रोत-साधनको प्रभावकारी उपयोग हुने, दोहोरोपन हट्ने र सञ्चार क्षेत्रको सेवा प्रवाह थप सुदृढ हुने विश्वास प्रदेश सरकारको रहेको उनले बताए।




पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### कृषि रूपान्तरण अबको अपरिहार्यता

नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने कृषिक्षेत्र आज पनि खाद्य असुरक्षा, बढ्दो आयात, जलवायु परिवर्तन, श्रम अभाव र कमजोर पूर्वाधारजस्ता चुनौतीसँग जुधिरहेको छ । संविधानले खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा सुनिश्चित गरे पनि त्यसअनुसारको परिणाम अझै देखिन सके को छैन । वैश्विक भोक सूचकाङ्कमा नेपालको अवस्था र कृषिजन्य वस्तुको बढ्दो आयातले कृषि नीतिमा व्यापक सुधारको आवश्यकता औंल्याएको छ ।

कृषि अब परम्परागत निर्वाहमुखी प्रणालीमा सीमित रहन सक्दैन। उत्पादन वृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि आधुनिक प्रविधि, कृषि यान्त्रिकीकरण, गुणस्तरीय बीउ-मल, सिँचाइ तथा बजार व्यवस्थापनमा जोड दिनुपर्छ। जलवायु परिवर्तनका कारण बढ्दो जोखिमलाई दृष्टिगत गर्दै जलवायुमैत्री खेती, बाली बीमा, पूर्वसूचना प्रणाली र अनुसन्धानमा लगानी बढाउनु समयको माग हो ।

युवाको वैदेशिक पलायनले कृषिमा श्रम संकट गहिरिँदै गएको छ। त्यसैले कृषि उद्यमशीलतालाई आकर्षक बनाउने, युवालाई सहुलियतपूर्ण ऋण, प्रविधि र बजार पहुँच उपलब्ध गराउने नीति आवश्यक छ। साथै, महिला, दलित, जनजाति र सीमान्तकृत किसानलाई समान अवसर, कृषि सेवा र वित्तीय पहुँच सुनिश्चित गर्नुपर्छ ।

कृषि अनुसन्धान, शिक्षा र प्रसार सेवाबीचको कमजोर समन्वय सुधार गर्दै स्थानीय तहसम्म प्रभावकारी प्राविधिक सेवा विस्तार गर्नु उत्तिकै आवश्यक छ । उत्पादनपछि हुने क्षति न्यूनीकरणका लागि शीतभण्डार, प्रशोधन केन्द्र र कृषि सडकजस्ता पूर्वाधारमा पनि प्राथमिकता दिनुपर्छ ।

कृषिक्षेत्रको रूपान्तरण केवल नीति निर्माणले मात्र सम्भव हुँदैन । त्यसका लागि दृढ राजनीतिक इच्छाशक्ति, पर्याप्त बजेट, प्रभावकारी कार्यान्वयन र तीनै तहका सरकारबीच समन्वय अपरिहार्य छ। दिगो, व्यावसायिक र प्रविधिमैत्री कृषि नै खाद्य सुरक्षा, रोजगारी सिर्जना र समृद्ध नेपालको आधार बन्न सक्छ ।

# वीरगञ्जमा गहवामाईको चौथो रथयात्रा सम्पन्न, एक लाखभन्दा बढी भक्तजन सहभागी

● टक नेपाल

**वीरगञ्ज** । वीरगञ्जस्थित प्रसिद्ध शक्तिपीठ गहवामाई मन्दिरको चौथो रथयात्रा बिहीबार हजारौं श्रद्धालु भक्तजनको सहभागितामा सम्पन्न भएको छ ।



श्रद्धा, भक्ति र उत्साहका साथ निकालिएको रथयात्रा गहवामाई मन्दिर परिसरबाट सुरु भई घण्टाघर, रेलवे रोडको भित्री बाइपास, छपकैया, मुख्य सडक, मकालु होटल चोक, आदर्शनगर तथा घडिअर्वा पोखरी-१ नम्बर गेट हुँदै पुनः माईस्थान मन्दिर परिसरमा पुगेर सम्पन्न भएको हो।

वर्षमा एकपटक आयोजना हुने यो रथयात्रा विगत चार वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको छ। यस वर्षको रथयात्राका दिन बिहानदेखि वर्षा भइरहे पनि भक्तजनको उत्साहमा कुनै कमी नदेखिएको आयोजकले जनाएको छ ।

गहवामाई तीर्थ क्षेत्र विकास समितिअन्तर्गत गठित रथयात्रा-२०८३ का संयोजक बसन्तकुमार गुप्ताका अनुसार बिहान ७:३० बजे सुरु गर्ने तय गरिएको रथयात्रा वर्षाका कारण केही ढिलो प्रारम्भ गरिएको थियो ।

उहाँका अनुसार प्रतिकूल मौसमका बाबजुद उल्लेख्य संख्यामा श्रद्धालु सहभागी भई नगरका विभिन्न भागको परिक्रमा गराउँदै रथलाई पुनः मन्दिर परिसरमा ल्याइएको थियो । मुख्य सडक विस्तारका क्रममा सडक किनारका संरचना भत्काइएकाले केही असहजता भए पनि रथयात्रा व्यवस्थित रूपमा सम्पन्न भएको उहाँले बताउनुभयो ।

गहवामाई तीर्थ क्षेत्र विकास समितिका अध्यक्ष श्यामकुमार पोखरेलले प्रतिकूल मौसमका कारण हेलिकप्टरमार्फत गर्ने भनिएको पुष्पवृष्टि कार्यक्रम रद्द गर्नुपरेको जानकारी दिनुभयो ।

"मौसम अनुकूल नभएकाले हेलिकप्टर काठमाडौंबाट आउन सकेन। त्यसका बाबजुद एक लाखभन्दा बढी श्रद्धालुको सहभागितामा रथयात्रा भव्य रूपमा सम्पन्न भयो। महिलाको सहभागिता उल्लेख्य थियो," उहाँले भन्नुभयो। साँझ ६ बजेदेखि सन्ध्या भजन कार्यक्रम आयोजना गरिने पनि उहाँले जानकारी दिनुभयो ।

रथयात्रालाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन जिल्ला प्रशासनको समन्वयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र ट्राफिक प्रहरीले विशेष सुरक्षा व्यवस्था मिलाएका थिए । रथयात्रा मार्गभर सुरक्षा निगरानीका साथै सादा पोशाकका सुरक्षाकर्मी पनि परिचालन गरिएको थियो। ट्राफिक व्यवस्थापनका लागि विभिन्न स्थानमा वैकल्पिक मार्गसमेत सञ्चालन गरिएको थियो ।

यसैबीच, माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र साहका अनुसार बिहीबार गहवामाई मन्दिरको १४औं वार्षिक पूजा-अर्चना कार्यक्रम पनि आयोजना गरिएको छ। बिहान ८ बजेदेखि सुरु भएको पूजा दिउँसो विश्रामपछि पुनः सञ्चालन भई हवनसहित साँझ ४ बजे सम्पन्न हुनेछ। साँझ ६ बजे आरती तथा ६:३० बजे देखि प्रसाद वितरण गरिने कार्यक्रम रहेको उहाँले बताउनुभयो ।

पछिल्ला केही वर्षयता धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा स्थापित हुँदै आएको गहवामाई रथयात्राले धार्मिक सद्भाव, सामाजिक एकता र सांस्कृतिक परम्पराको संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याएको आयोजकको दाबी छ ।

# केन्द्रमा समीकरण फेरिए पनि मधेशमा कांग्रेस नेतृत्वकै सरकार कायम रहने

टक नेपाल

**जनकपुरधाम** । केन्द्रमा नेपाली कांग्रेस-नेकपा एमाले गठबन्धनमा परिवर्तनको चर्चा चलिरहेका बेला मधेश प्रदेशमा भने कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने भएको छ। सरकारमा सहभागी दलका नेताहरूले प्रदेशको गठबन्धनमा कुनै असर नपर्ने र सरकारलाई निरन्तरता दिने बताएका छन्।



मधेश प्रदेशमा नेपाली कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सम्मिलित गठबन्धन सरकार सञ्चालनमा छ। अन्य प्रदेशमा सत्ता समीकरण परिवर्तनको संकेत देखिए पनि मधेशमा भने तीनै दलका नेताहरू सरकारलाई निरन्तरता दिने विषयमा सहमत भएका छन्।

मुख्यमन्त्री कृष्णप्रसाद यादव, एमाले संसदीय दलका नेता सरोजकुमार यादव तथा अर्थमन्त्री एवं नेकपा संसदीय दलका नेता युवराज भट्टराईबीच भएको छलफलमा गठबन्धनलाई यथावत् राख्ने समझदारी भएको जनाइएको छ।

सरकार विस्तारअघि गत १२ जेठमा तीन दलबीच चुनावसम्म सरकारलाई निरन्तरता दिने लगायतका १५ बुँदे सहमति भएको थियो। सोही सहमतिअनुसार गठबन्धन अगाडि बढ्ने नेताहरूको भनाइ छ।

एमाले संसदीय दलका नेता सरोजकुमार यादवले प्रदेशस्तरमा गठबन्धन दलहरूबीच कुनै विवाद नरहेको भन्दै सरकारबाट बाहिरिने अवस्था नरहेको बताए।

उनले केन्द्रको राजनीतिक समीकरण प्रदेशमा अनिवार्य रूपमा लागू नहुने उल्लेख गर्दै विगतमा पनि केन्द्र र प्रदेशमा फरक-फरक गठबन्धनको अभ्यास भएको स्मरण गराए। उनका अनुसार तीन दलले चुनावसम्म सरकारलाई निरन्तरता दिने निर्णय गरिसकेका छन्।

अर्थमन्त्री युवराज भट्टराईले पनि मधेश प्रदेश सरकार विशेष राजनीतिक परिस्थितिमा बनेको गठबन्धन भएकाले अन्य प्रदेशको राजनीतिक घटनाक्रमले असर नगर्ने बताए। उनले हालै प्रदेशको बजेट सर्वसम्मत रूपमा पारित भएकाले सरकार थप मजबुत बनेको दाबी गरे।






# सडकका जेनजीको प्रश्न – आन्दोलनको मर्म भुलेर मुठभेडमा जान खोजेको हो ?

● कौशल काफले। अनलाइन

काठमाडौं । जेनजी अगुवा माजिद अन्सारी यतिबेला अस्पतालको शैयामा छन् । कीर्तिपुरस्थित राधास्वामी होल्डिङ सेन्टरमा रहेको सुकुमवासीको अवस्था बुझ्न जाँदा उनीमाथि धरपकड भएको थियो । उनीसहित जेनजी अगुवा सरिस्मा थापा, नेल्सन घतानी पक्राउ परेका थिए । त्यस्तै, भूमि आयोगका पूर्वअध्यक्ष नहेन्द्र खड्कामाथि पनि दुर्व्यवहारसँगै धरपकड गरिएको थियो ।



यसरी पक्राउ परेकामध्ये माजिद अन्सारी प्रहरीको कुटपिटबाट घाइते पनि भए । त्यसपछि उनलाई शिक्षण अस्पताल पुऱ्याइयो । अहिले उनको उपचार भइरहेको छ । पक्राउ परे लगत्तै अनलाइनखबरसँग माजिदले भनेका थिए, 'प्रहरीले कुटपिट र लछारपछार गर्दै नियन्त्रणमा लिएको छ, मेरो नाकबाट रगत समेत आएको छ ।'

अस्पतालमा उपचारत माजिद अन्सारीमाथि प्रहरीको निगरानी रोकिएको छैन । यतिसम्म कि, डिस्चार्ज भएसँगै पुनः नियन्त्रणमा लिने भन्दै उनी र त्यहाँ अस्पतालमा रहेका शुभचिन्तकलाई त्रासमा राखिएको छ । यसको लागि आइतबार रातिबाटै सिभिल ड्रेसमा खटिएका प्रहरीले रातभर निगरानी गरेका थिए भने सोमबार बिहान हुनासाथ ती प्रहरी अन्सारीले उपचार गराइरहेको बेडमै पुगेका थिए ।

'रातभर रेकी गऱ्यो । अनि एकाबिहानै अस्पतालको बेडमै पुगेर आतंकित बनायो,' अन्सारीसँगै अस्पतालमा रहेका एक शुभचिन्तकले भने, 'हामीले आपत्ति जनाएपछि बाहिर निस्किएका थिए । तर, त्यसपछि पनि पुनः पक्राउ गर्ने योजना देखिन्छ ।'

यसरी माजिद अन्सारी पक्राउ परिरहँदा त्यहीं थिए- अर्का जेनजी अगुवा ओजस्वी थापा । तर, उनी सरकारको प्रतिनिधि दाबी गर्दै कीर्तिपुर होल्डिङ सेन्टर पुगेका थिए । आफू सरकारको तर्फबाट आएको बताउँदै त्यहाँ अर्ति-उपदेश दिँदै थिए ।

सँगै जेनजी आन्दोलनमा उत्रिएका एउटा साथी यसरी सरकारी प्रतिनिधि नै बनेर आइरहँदा अर्की जेनजी अगुवा सरिस्मा थापाले उनको आधिकारिकताबारे प्रश्न पनि गरेकी थिइन् । 'न कुनै नियुक्ति छ, न कुनै पद । यसरी यहाँ आएर अर्ति दिने उहाँ को हो ?,' थापाले ओजस्वीलाई लक्षित गर्दै भनेकी थिइन् ।

शनिबार दिनभरको यो क्रमले भन्दै २३ गते सँगै सडकमा उत्रिएका जेनजीबीच नै कित्ताकाँट स्पष्ट देखिन्छ । कोही सत्तामा पुग्दा कोही सडकमै छन् । त्यही सत्तालाई प्रश्न गरिरहेका छन् ।

तिनै मध्येका हुन्– माजिद अन्सारी, सरिस्मा थापा, अर्नब चौधरी, प्रदीप ज्ञावाली, युजन राजभण्डारी, रक्षा बम लगायतका जेनजी अगुवा ।

माजिद भने अझै पनि आफूमाथि सरकारी धरपकडको जोखिम कायम रहेको बताउँछन् । कारण- उनलाई अहिलेसम्म पक्राउको कारण बारेमा कुनै जानकारी दिइएको छैन । न त उनलाई कुनै पक्राउ पुर्जी देखाइएको छ ।

'मेरो पक्राउको कानुनी हैसियत बारेमा पनि कुनै स्पष्टता छैन । के गृहमन्त्री वा प्रहरी प्रमुखज्यूले यो कुरा स्पष्ट पार्न सक्नुहुन्छ कि यी सबै गैरकानूनी कारबाहीहरू किन यति लक्षित तरिकाले म विरुद्ध गरियो ?,' प्रश्न गर्दै माजिदले लेखेका छन्, 'त्यसैले म सबै सम्बन्धित अधिकारीहरू, संघीय संसदका सबै माननीय सदस्यहरू, प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समिति, नागरिक समाज, अन्तराष्ट्रिय मानव अधिकार समुदायहरू तथा सबै मानव अधिकार रक्षकहरूलाई मेरो जीवन र स्वतन्त्रताको सुरक्षा सुनिश्चित गर्न अनुरोध गर्दछु ।'

सरकारको तर्फबाट पछिल्लो समय धरपकड बढेपछि सडकमा रहेको जेनजीहरू चिन्तित देखिन्छन् । आफूहरूको आन्दोलनबाटै यो सरकार बने अवस्थामा आइपुगे पनि यसले पुनः जेनजी आन्दोलनको मर्मविपरीत काम गरिरहेको उनीहरूको भनाइ छ ।

हिजो सडक संघर्षमा सँगै रहेका युवा र जेनजी पुस्ताको एउटा हिस्सा सत्तामा पुगेपछि आम नागरिकका एजेन्डा ओझेलमा परेको र सरकार दिनानुदिन निरंकुशतातर्फ उन्मुख भएको आरोप अभियन्ताहरूले लगाएका छन् ।

जेनजी अगुवा अर्नब चौधरीले पछिल्लो समय सडकबाट सत्तामा पुगेका युवा नेतृत्वले आफ्नो धरातल बिर्सिएर सडकमै रहेका आफ्ना समकालीन अभियन्ताहरूमाथि धरपकड सुरु गरेको बताए ।

सरकारको यो कार्यशैलीले अराजकता निम्त्याएको र लोकतान्त्रिक मूल्यको धज्जी उडाएको उनको ठहर छ ।

'हामी आन्दोलनकारी भएकाले सरकारका गल्तीहरू औंल्याउनु हाम्रो धर्म हो,' उनले भने, 'जसरी एउटा शिक्षकले विद्यार्थीको कापी जाँच्दा गल्ती भएको ठाउँमा रातो मसीले टिक लगाउँछ, त्यसरी नै जनताले सरकारका गल्तीमा 'रातो टिक' लगाइदिनुपर्छ । सही कामको मूल्यांकन त स्वतः भइहाल्छ, तर गलत कुरा कसै न कसैले देखाइदिनुपर्छ । हामीले गरेको त्यति हो ।'

तर, वर्तमान सरकारले रचनात्मक आलोचना र गल्तीलाई आत्मसात् गर्नुको साटो उल्टै आक्रोश र प्रतिशोध साँध्ने गरेको चौधरीले बताए ।

अभियन्ता चौधरीका अनुसार सरकारबाट भइरहेका यी कमजोरीहरू अन्जानमा भएका भूल नभएर खराब नियतसहित भइरहेका छन् । जस्तो, स्वतन्त्र मिडियालाई तर्साउन खोज्नु, सडकका अभियन्ताहरूलाई धरपकड गर्नु, जथाभावी हिरासतमा लिने र आफ्नो जिम्मेवारीबाट पन्छिने खेल खेल्नुले यी सबै पुष्टि हुने उनको भनाइ छ ।

यस्तो अवस्थामा हिजोका मुद्दा बिर्सेर आजको सत्ता जोगाउन कतिपय जेनजी अगुवाहरू नै लाग्नु दुःखद रहेको पनि उनले बताए ।

'उनीहरू अहिले मुद्दा जोगाउनेभन्दा पनि जसरी भए पनि सत्ता जोगाउने ध्याउन्नमा छन्,' चौधरीले थपे, 'अहिले पनि आफूहरूले नै मुद्दा बोकिरहेको भ्रम छरेर क्रेडिट लिन खोज्ने तर पर्दापछाडि चाहिँ सत्ता टिकाउने सिपाही बन्ने दोहोरो चरित्र साथीहरूले देखाएका छन् ।'

जेनजी अगुवा मोनिका निरौलाले पनि वर्तमान सरकारको कार्यशैलीप्रति असन्तुष्टि र निराशा व्यक्त गरेकी छन् । सातै प्रदेशबाट अनुमोदित जेनजीसँग भएको १० बुँदे सम्झौताका आधारभूत कुराहरू समेत कार्यान्वयन गर्न सरकारले इच्छाशक्ति नदेखाएको उनको आरोप छ ।

गणतान्त्रिक मुलुकमा नागरिकले आवाज उठाउँदा प्रहरी प्रशासनबाट दमन हुने, कुटपिट र गालीगलौज गरिने र उल्टै नागरिकमाथि नै अभद्र व्यवहारको मुद्दा चलाउने प्रवृत्तिमा कुनै सुधार नआएको विश्लेषण उनको छ ।

त्यस्तै, फिल्डमा अनधिकृत व्यक्तिहरू पठाएर दमन र ह्यारेसमेन्ट गराउने प्रवृत्ति झन डरलाग्दो भएको उनले बताइन् ।

'विडम्बना के भने, 'नेपो बेबी' ट्रेन्ड विरुद्ध सुरु भएको आन्दोलन आज 'नेपो बेबी'हरूकै नियुक्तिमा सकियो कि भन्ने डर पैदा भएको छ,' निरौलाले भनिन्, 'यसले गर्दा बजारमा 'युवा वा जेनजी पुस्ताले नेतृत्व गर्न सक्दैनन्, यिनीहरू त स्वेच्छाचारी र खराने ग्याङ मात्र हुन्' भन्ने गलत भाष्य सिर्जना भएको छ ।'

यस्तो प्रवृत्तिले समग्र युवा पुस्ताको नेतृत्व क्षमतामाथि नै प्रश्न उठाएर भोलि नेपाली जनताले युवालाई कहिल्यै नपत्याउने वातावरण बन्ने खतरा रहेको निरौलाको चिन्ता छ ।

त्यस्तै, सडक आन्दोलनकै जगमा बनेको वर्तमान सरकारले सोही आन्दोलनको मर्म मिचेको जेनजी अगुवा युजन राजभण्डारीको तर्क छ । उनले यो सरकार रिजल्ट ओरियन्टेड देखिने नाममा प्रक्रिया मिचिरहेको आरोप लगाए ।

'सरकार प्रक्रियालाई ध्यान नदिई केवल चर्चाका लागि मात्रै दौडिरहेको छ । लोकप्रियता रहुन्जेल त वाहवाही होला, तर लोकप्रियता गुमेको दिन यही प्रवृत्ति सरकारका लागि ठूलो बोझ बन्नेछ,' राजभण्डारीले भने, 'विगतमा केपी ओलीले पाएको लोकप्रियता कस्तो थियो हामीलाई थाहा नै छ । त्यसैले प्रक्रिया मिचेर काम गर्छु भन्नु सही लय होइन ।'

सरकार रिजल्ट ओरियन्टेड हुन खोज्दा प्रक्रिया बिर्सेको र यसको जेनजी आन्दोलनको प्रमुख मुद्दा नै कुल्चिएको उनको तर्क छ । जेनजीले संस्था बलियो बनुपर्ने र व्यक्ति हाबी हुने क्रम रोकिनुपर्ने माग राखेपनि अहिले सरकार त्यो बाटोमा नहिँडेको उनले बताए ।

'अहिले सरकारले न त प्रक्रिया समात्न सकेको, न त ठोस नतिजा नै दिन सकेको छ,' राजभण्डारीले भने, 'जेनजी आन्दोलनको मर्म बिर्सिएर मुडभेडको मुडमा सरकार पुगेको देखिन्छ । यो एकदमै गलत छ ।'

आफूहरू सरकारको सफलता चाहनेमध्येका भएकाले सही लयमा हिँड्न उनले अनुरोध गरे । सरकार असफल हुँदा आफूहरूको आन्दोलन असफल हुने भएकाले सरकारलाई सहयोग गर्ने आफूहरूको इच्छा रहेको उनले बताए ।

'अहिले पारम्परिक राजनीतिक दलहरू आफैं जीर्ण अवस्थामा छन् र नागरिक समाज पनि सुस्ताएको छ । सरकारको लय पनि सही छैन । यस्तो अवस्थामा सरकारले नागरिकको आवाज र आलोचनालाई सकारात्मक रूपमा ग्रहण गर्न सक्नुपर्छ,' उनले थपे ।

यसरी जेनजी आन्दोलनको जगमा बनेको सरकारले नै त्यसको मर्म विपरीत अघि बढिरहेकोमा आन्दोलनका अगुवाहरू (जो आज पनि सडकमा छन्) चिन्तित देखिन्छन् । जेनजी अगुवा प्रदीप ज्ञावाली पनि शासन व्यवस्थाको शोषणको सूत्र यसभन्दा अगाडि पनि नटिकेको र अब पनि नटिक्ने स्मरण गराउँछन् ।

'यो देशको बागडोर तिमीहरूको हातमा सुम्पिन सयौं नौजवानहरूले आफ्नो ज्यानको कुर्बानी दिएका थिए । बानेश्वरमा बगेको रगत अझै सुकेको छैन,' सरकारलाई सुझाव दिँदै ज्ञावाली भन्छन्, 'त्यसमै फेरि रगत थपिनेवाला छ । अझै रगतको होली यो शासन व्यवस्थालाई पुगेको छैन । सकिन्छ भने अबदेखि निर्णयहरू सेवक सरकार बनेर लिइनेछन्, होइन भने शासन व्यवस्थाको शोषणको सूत्र यसभन्दा अगाडि पनि टिकेको थिएन, र अब पनि टिक्ने छैन ।'


अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# मधेश र लुम्बिनीका आदिवासी पत्रकारलाई ४० हजार रुपैयाँको फेलोसिप कार्यक्रम



• टक नेपाल

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले मधेश र लुम्बिनी प्रदेशका आदिवासी जनजाति पत्रकारहरूका लागि फेलोसिप कार्यक्रम घोषणा गरेको छ।

फोनिजले डेडिकेटेड ग्रान्ट मेकानिज्म (डीजीएम) नेपालको वित्तीय सहयोगमा मधेश प्रदेश र लुम्बिनी प्रदेशका आदिवासी जनजाति पत्रकारहरूका लागि 'पत्रकार फेलोसिप कार्यक्रम-२०८३' घोषणा गरेको हो।

कार्यक्रममार्फत वन, वातावरण, जलवायु परिवर्तन, दिगो वन व्यवस्थापन तथा आदिवासी जनजातिको परम्परागत ज्ञान र अभ्याससँग सम्बन्धित विषयमा गहन अध्ययन, खोज तथा अनुसन्धानमूलक पत्रकारितालाई प्रोत्साहन गरिने भएको हो।

डीजीएम नेपाल आदिवासी तथा स्थानीय समुदायको रेडप्लस लगायतका वन तथा जलवायुसम्बन्धी सहभागिता सुदृढ बनाउन सञ्चालित कार्यक्रम हो।

फेलोसिपमा मधेश र लुम्बिनी प्रदेशका डिजिएम नेपाल परियोजना लागू भएका क्षेत्रसँग सम्बन्धित आदिवासी जनजाति समुदायका पत्रकारले आवेदन दिन सक्नेछन्।

इच्छुक पत्रकारले वन, वातावरण, जलवायु परिवर्तन तथा आदिवासी समुदायसँग सम्बन्धित विषयमा न्यूनतम २५० शब्दको मौलिक लेखसहित आवश्यक कागजात पेश गर्नुपर्नेछ।

फेलोसिपमा छनोट भएका पत्रकारलाई अध्ययन, भ्रमण, खोज तथा अनुसन्धानमूलक समाचार, फिचर स्टोरी वा रिपोर्टिङका लागि प्रति फेलो अधिकतम ४० हजार रुपैयाँसम्म सहयोग उपलब्ध गराइने फोनिजले जनाएको छ।

सहभागीले तयार गरेका सामग्री शब्द र भिडियो दुवै माध्यममा बुझाउनुपर्नेछ भने सामग्री तथ्य र प्रमाणमा आधारित हुनुपर्ने उल्लेख गरिएको छ।

फेलोसिपअन्तर्गत तयार गरिने अध्ययन, फिचर वा अनुसन्धानमूलक सामग्री कम्तीमा तीन हजार शब्दको हुनुपर्नेछ र सहयोग प्राप्त गरेको २१ दिनभित्र बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

आवेदनका लागि शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, स्थायी लेखा नम्बर, पत्रकारिता गरिरहेको सञ्चार संस्थाको परिचयपत्र वा सिफारिस तथा व्यक्तिगत बायोडाटा अनिवार्य गरिएको छ।

# ज्यान मार्ने उद्योगमा वडाध्यक्षसहित पाँच जनाविरुद्ध मुद्दा



• टक नेपाल

**महोत्तरी।** बलवा नगरपालिका-६ का वडाध्यक्ष वैद्यनाथ झासहित पाँच जनाविरुद्ध ज्यान मार्ने उद्योगको कसुरमा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा मुद्दा दर्ता भएको छ।

बलवा नगरपालिका-६ निवासी ३६ वर्षीय इन्जिनियर हुसनैन अन्सारीमाथि ज्यान लिने मनसायका साथ आक्रमण गरी गम्भीर घाइते बनाएको आरोपमा उनका दाजु ३९ वर्षीय नुरैन अन्सारीले प्रहरीमा जाहेरी दिएका हुन्।

प्रहरीका अनुसार संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरअन्तर्गत बलवा बजार-रौजा बजार-पडौंल सडकखण्डमा निर्माणाधीन हुलाकी सडक आयोजनाको ४१२ मिटर आरसीसी ढलान भइरहेको क्रममा देवनामा क्षेत्रमा विवाद उत्पन्न भएपछि अन्सारीमाथि आक्रमण भएको थियो।

आक्रमणबाट अन्सारीको एक हातको औँला काटिएको तथा शरीरका विभिन्न भागमा चोट लागेको परिवारले जनाएको छ। घटनापछि पीडित पक्षले न्यायको माग गर्दै प्रहरीमा जाहेरी दिएपछि प्रहरीले ज्यान मार्ने उद्योगको कसुरमा मुद्दा दर्ता गरेको हो।

मुद्दामा वडाध्यक्ष वैद्यनाथ झासहित बलवा नगरपालिका-६ का ५६ वर्षीय श्याम यादव, ३२ वर्षीय मञ्जेश यादव तथा वडा नं. ५ का ४० वर्षीय राजु यादव र ३५ वर्षीय बलराम यादवलाई प्रतिवादी बनाइएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक (एसपी) श्यामकुमार सारू मगरले ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता भइसकेको र घटनाबारे कानुनबमोजिम आवश्यक अनुसन्धान तथा प्रक्रिया अगाडि बढाइएको जानकारी दिए।

# सिरहामा ८० प्रतिशत धान रोपाइँ सम्पन्न, हाइब्रिड धानतर्फ किसानको आकर्षण

• टक नेपाल



**सिरहा।** समयमै वर्षा हुनुका साथै भूमिगत सिँचाइको सुविधा विस्तार भएकाले सिरहा जिल्लामा यस वर्ष धान रोपाइँले उल्लेख्य गति लिएको छ। कृषि ज्ञान केन्द्र सिरहाका अनुसार असार मसान्तसम्म जिल्लाको करिब ८० प्रतिशत क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ।

कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख किसुनदेव राउतका अनुसार जिल्लामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुनेमध्ये ४३ हजार २०० हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ। बाँकी २० प्रतिशत रोपाइँ पनि आगामी १० दिनभित्र सकिने अपेक्षा गरिएको उहाँले बताउनुभयो।

उहाँका अनुसार सिरहा नगरपालिका, औरही, बरियारपट्टी, नवराजपुर र भगवानपुर गाउँपालिकामा रोपाइँ अन्तिम चरणमा पुगेको छ। असारको सुरुदेखि नियमित वर्षा हुनुका साथै स्थानीय तहले कृषि कार्यक्रमअन्तर्गत विद्युत् मोटर वितरण र बोरिङ जडानलाई प्राथमिकता दिएकाले गत वर्षको तुलनामा यस वर्ष रोपाइँले तीव्रता पाएको हो।

**हाइब्रिड धानप्रति बढ्दो आकर्षण**

कम समयमा बढी उत्पादन हुने भएकाले किसान परम्परागत जातभन्दा उन्नत तथा हाइब्रिड धानतर्फ आकर्षित भएका छन्। जिल्लामा अहिले सोना मन्सुली, रातो बासमती, सेतो बासमती, राधा र रामधानलगायतका जातको खेती विस्तार हुँदै गएको छ।

कृषक अगुवा मुक्ति यादवका अनुसार तीन महिनामै पाक्ने हाइब्रिड धानपछि गहुँ तथा तरकारी खेती गर्न सकिने भएकाले किसानको रोजाइ यसतर्फ बढेको हो।

**मजदुर अभावले चुनौती**

वैदेशिक रोजगारीका कारण अधिकांश पुरुष विदेशमा रहेकाले धान रोपाइँ मुख्यतः महिला मजदुरकै भरमा भइरहेको किसानहरूको भनाइ छ।

लहान-१३ का कृषक भगवानदत्त यादवले समयमा पर्याप्त मजदुर नपाउँदा रोपाइँ प्रभावित हुने गरेको बताउनुभयो। उहाँका अनुसार रोपाइँको चाप बढेका बेला मजदुर आकर्षित गर्न अतिरिक्त पारिश्रमिक, मासुभात र अन्य सुविधा उपलब्ध गराउनुपर्ने अवस्था छ।

**डीएपी मलको अभाव**

रोपाइँसँगै आवश्यक पर्ने डीएपी मल पर्याप्त उपलब्ध नभएको भन्दै किसानले गुनासो गरेका छन्। सखुवानन्कारकट्टी-३ का कृषक अशोक यादवले आवश्यक एक बोरा मलको सट्टा सहकारीबाट १० किलो मात्र उपलब्ध गराइएको बताउनुभयो।

कृषि सामग्री कम्पनी लिमिटेड, लहानका प्रमुख चेवन खड्काका अनुसार हालसम्म ४२३ बोरा डीएपी मल वितरण गरिएको छ, जबकि रोपाइँको समयमा सामान्यतः दुई हजारभन्दा बढी बोरा आवश्यक पर्छ। उहाँले साउनको पहिलो साताभित्र थप डीएपी मल आइपुग्ने र युरिया मलको भने पर्याप्त मौज्दात रहेको जानकारी दिनुभयो।

**वडास्तरमै प्राविधिकको माग**

किसानहरूले प्रत्येक वडामा कृषि तथा विद्युत् प्राविधिकको व्यवस्था गर्न माग गरेका छन्। बरियारपट्टी गाउँपालिका-३ का कृषक दिलीप यादवले रोपाइँका बेला ट्रान्सफर्मर बिग्रिँदा वा विद्युत् समस्या आउँदा समयमै प्राविधिक नपुग्ने समस्या रहेको बताउँदै वडास्तरमै कृषि र विद्युत् प्राविधिक खटाउन आवश्यक रहेको बताउनुभयो।







बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014